चन्द्रागिरि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमान्डौ

बागमती प्रदेश, नेपाल

# प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः-२०७८/०९/०९)

प्रस्तृत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प. स २०७८/०७९ च.न १४४ को मिति २०७८/०८/२६ को पत्रानुसार यस चन्द्रागिरि नगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र. स | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १-२०७८/०७९ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१ **आवश्यक न्यूनतम योग्यता र अनुभवः-**

(क) सिभिल इन्जिनियरिङमा प्रवीणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको

(ख) अनुभव र सीपः प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्युटर सीप भएको
- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव पारस्परिक सम्वन्ध सम्वन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

(ग) उमेरः- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

२ **दरखास्त दिने स्थानः**- चन्द्रागिरि नगरकार्यपालिकाको कार्यालय

३ **दरखास्त दिने अन्तिम मितिः**- २०७८/०९/२३ गते

४ **आवेदनको दस्तुरः**- रु. ५००।- नगरपालिकाको राजश्व काउण्टरमा दाखिला गरेको सक्कलै भौचर संलग्न हुनुपर्ने छ।

५ **छनौटको किसिमः**- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा।

६ **आवेदन साथ संलग्न कागजातहरुः**- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको प्रतिलिपिहरु

- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

७ **सेवा सुविधाः**-गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

८ **पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः**- गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्वन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ।

नि.प्रमुख प्रशासकीय अधिकृत